ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ २ मा

ओझेलमा परेको झुटकीको चन्ददेवी पोखरी

❑ वर्ष-९ ❑ अङ्क-३९, २०७४ फागुन १२ गते, शनिबार (Feb.24, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या: ६

मृत्युसँग जुध्दै आरक्ष वरिपरिका स्थानीयवासी

फत्तेपुर / कोशीटप्पु वन्यजन्तु आरक्षबाट आएको हात्तीको आक्रमणमा परी गत फागुन १ गते दिउँसो सप्तरीको कञ्चनरुप नगरपालिका(५ पथरी टोलकी दुई महिलाको मृत्यु भयो ।

दाउरा लिन आरक्ष क्षेत्रभित्र जाँदै गरेकी पथरी टोलकी ३५ वर्षीया मञ्जुदेवी साह र ४५ वर्षीया दुर्गीदेवी मुखियालाई हात्तीले आक्रमण गर्दा दुबै जनाको मृत्युभयो । मध्याह्न १२ बजे दाउरा खोज्दै आरक्षको बाँधमा पुग्नासाथ हात्तीले दुबै जनालाई लखेटेको थियो ।

गत माघ १६ गते कोशी टप्पु आरक्षबाटै आएको भालुले सप्तकोशी नगरपालिका(६ का जीवनाथ आचार्यलाई चिथारो । जंगलमा घाँस काट्न जाँदा भालुको आक्रमणमा परेका आचार्य गम्भीर घाइते भए । उहाँलाई उपचारका लागि तत्कालै विराटनगरस्थित गोल्डेन अस्पताल पुऱ्याइयो । उनको अनुहार क्षतविक्षत् भएको छ, भने देब्रे आँखा भालुले निकालेको स्थानीयवासी गीता पौडेलले बताए ।

खर्च अभावका कारण घाइते आचार्यले स्तरीय सेवा पाउन नसकेको स्थानीयवासीको भनाइ छ । त्यसको ठीक २० दिनअघि गत पुस २६ गते आरक्षबाट निस्केको अर्नाले सप्तकोशी नगरपालिका-५ सदा बस्तीका ५० वर्षीय झपड सदालाई घाइते बनायो । बाखालाई घाँस काट्न गएका बेला बाँसघारीमा बसेको अर्नाले सदालाई आक्रमण गरेको थियो । खुट्टाको विभिन्न भाग तथा पेटमा गम्भीर चोट लागेकाले सदालाई अस्पताल भर्ना गरियो । उहाँको पनि उपचार भइरहेको छ ।

एक वर्षअघि मात्र सप्तकोशी नगरपालिका- ५ कै (साविक फत्तेपुर(९ गंगाजली) ५५ वर्षीया नरमाया राउतलाई



भालुले आक्रमण गरी घाइते बनाएको थियो । घाँस काट्न जंगल गएकी राउतलाई गाउँबाट करिब एक किलोमिटरको दुरीमा भालुले आक्रमण गरेको थियो । भालुको आक्रमणबाट गम्भीर घाइते राउतको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारपछि अवस्था सामान्य भएको छ ।

स्थानीयवासी पौडेलका अनुसार विगत एक वर्षको अवधिमा स्थानीयवासी सुवाराम चौधरी, गोपाल राउत, प्रेम खत्रीलगायत आधा दर्जनभन्दा बढीलाई जंगली जनावरले घाइते बनाएको छ ।

यति मात्रै होइन, सप्तरीमा हात्ती, अर्नालगायतका जंगली जनावरको आक्रमणबाट वर्षेनी सर्वसाधारणले ज्यान गुमाउँदै आएका छन् । हालसम्म कञ्चनरुप नगरपालिका(१० बदगामाकी ७० वर्षीया फूलवादेवी यादव, हनुमाननगर सञ्जय साफी र रोशनकुमार झा, भारदहका रघुनाथ खड्ग, बैरवाका अल्लाउद्दिन खाँ, कमलपुरकी संगीता यादव, कञ्चनरुप नगरपालिका(१० का सत्यनारायण यादवकी १३ वर्षीया छोरी संगीता यादवलगायतले हात्ती र अर्नाको आक्रमणबाट ज्यान गुमाइसकेका छन् ।

जंगली जनावरको आक्रमणमा परी कतिपयको तत्कालै मृत्यु हुने गरेको छ भने कतिपयको तत्काल उपचार भए पनि घाउमा इन्फेक्सन भएर केही समयपछि पनि मृत्यु हुने गरेको छ ।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष कोशी नदीको तटमा रहेको संरक्षित क्षेत्र हो । कूल १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो आरक्ष सुनसरी, सप्तरी र उदयपुर गरेर तीनवटा जिल्लामा फैलिएको छ ।

यो आरक्ष सन् १९८७ रामसार सूचीमा सूचीकृत भई नेपालको पहिलो ठूलो रामसार क्षेत्रको रूपमा चिनिएको छ । यस आरक्षमा ४८९ प्रजातिका चरा,२१९ को संख्यामा दुर्लभ अर्ना र करिब ११/१२ वटा दुर्लभ डल्फिन समेत संरक्षित रहेका छन् ।

स्थापनाकालदेखि नै कोशीटप्पु आरक्षको जीवजन्तुले वर्षेनी उत्पात मच्चाउँदै व्यापक धनजनको क्षति पुऱ्याउँदै आएकाले यसको

बाँकी अन्तिम पृष्ठमा

अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा साहित्यिक गोष्ठी

सप्तरी / अन्तराष्ट्रिय मातृभाषाको अवसरमा मैथिली साहित्य परिषद् राजविराजको आयोजन तथा मैथिल महिला परिषद्को संयोजनमा मङ्गलवार साहित्यिक गोष्ठि सम्पन्न गरिएको छ ।

मैथिल महिला परिषद्की संस्थापक अध्यक्ष मीना ठाकुरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा मैथिली साहित्य परिषद्का अध्यक्ष अशोक कुमार झा, पूर्व अध्यक्ष देवेन्द्र मिश्र, करुणा झा, परिषद्का सचिव श्यामसुन्दर यादव, रवेन्द्र रवि, नरेन्द्र देव, किरण झा, कमला भन्साली, विद्या झा 'डेजी' पिंकी झा, रमिला साह, शान्ति झा, कमला भंसालीलगायतले रचना वाचन गरेका छन् । कार्यक्रममा ई. दिब्यानन्द मिश्रको कविता समेत वाचन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि ठाकुरले मैथिली जनजनको भाषा भएको भन्दै यसको थप संरक्षण, सम्वर्द्धन एवम् विकास हुनुपर्नेमा जोड दिईन् । वर्तमान संघीय संरचनामा सरकारी कामकाजको भाषाको रुपमा मैथिली हुनुपर्ने आवश्यकता औल्याईन् ।

मैथिली साहित्य परिषद्का पूर्व अध्यक्ष विष्णु कुमार मण्डलले मैथिली भाषा शाहवंशीय शासनकालदेखि नै दमनको शिकार बन्दैआएकोले वर्तमान अवस्थामा समुचित स्थान पाउनुपर्नेमा जोड दिए । भाषिक एवम् सांस्कृतिक अधिकारकालागि मैथिली भाषीहरु दलीय आस्थाको परिबन्धबाट माथि उठ्नुपर्ने तर्क प्रस्तुत गरे । महिला परिषद्की अध्यक्ष शान्ति झाको अध्यक्षतामा आयोजित कार्यक्रममा परिषद्का उपाध्यक्ष सतिश कुमार दत्तले मैथिली भाषालाई शिक्षाको माध्यम बनाउनुपर्ने बताए । कार्यक्रममा परिषद्का सदस्य अजय कुमार झा, शिक्षक गीता यादव, कमल मण्डल लगायतको उपस्थिति थियो ।

'जय जय भैरवी' गोसाओनी गीतबाट औपचारिक रुपमा शुभारम्भ भएको कार्यक्रम सञ्चालन गायत्री झा र पिंकी झाले गरिन् ।

अन्तराष्ट्रिय मातृभाषा दिवसको अवसरमा बुधवार मातृभाषाको समुचित स्थानबारे विचार गोष्ठि मैथिली भवनमा आयोजना गरिने परिषद्का सचिव श्यामसुन्दर यादवले जानकारी दिएका छन् ।

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

मृत्युसँग ....

नियन्त्रणको ठोस पहल गर्न नयाँ सरकारसँग आग्रह समेत गरेका छन् ।

कोशीटप्पु आरक्षको जीवजन्तुको उत्पातबाट आफूहरूको जीवन नै संकटमा परेको छ, कञ्चनरुप नगरपालिका-३ का स्थानीयवासी सुरेन्द्र यादव भने -"विगतका सरकारबाट आरक्षका जनावर नियन्त्रणका पहल भएन्, अबको सरकारले गर्छ की भन्ने विश्वास लागेको छ ।"

पटकपटक जंगली जनावरको नियन्त्रणका लागि स्थानीयवासीबाट माग उठ्दै आए पनि सरकारीस्तरबाट खासै कुनै पहल नभएको सुनाउँदै पूर्वसांसद समेत रहेका कञ्चनरुप नगरपालिका निवासी मानपुर चौधरी भने- "आफू संसद्मा पनि कतिपटक कोशीटप्पुको जंगली जनावरको नियन्त्रणबारे कुरा उठाए पनि कुनै ठोस् प्रगति हुनसकेको छैन् ।"

जंगली जनावरले हैरान पारेपछि कञ्चनरुप नगरपालिकावासीले सरकारलाई दबाब दिन केही दिनअघि आन्दोलनको तयारी समेत गरे । तर सप्तरीका प्रमुख जिल्ला अधिकारी भागीरथ पाण्डेयले आन्दोलन छोडेर अर्को विकल्प रोज्न आग्रह गरेपछि आन्दोलन स्थगित गरेका छन् ।

कञ्चनरुप नगरपालिकाका प्रमुख वसन्त मिश्रले आरक्षबाट निस्कने जंगली पशुको आक्रमणमा परी यसवर्ष मात्रै तीनजना किसानले ज्यान गुमाएको स्मरण गराउँदै यसको दीर्घकालीन समाधान नखोजे जनताको जीवन रक्षाका लागि आफ्नै नेतृत्वमा आन्दोलन शुरु गर्ने चेतावनी दिनुहुन्छ ।

हात्ती, अर्ना, भालुलगायतका जंगली जनावरले दिउँसै आक्रमण गर्न थालेपछि आजित भएका स्थानीयवासीले त्यसको दीर्घकालीन समाधानका लागि सरकारलाई दबाब दिन र आफू पनि सक्रिय रहन सप्तरीबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिसँग समेत आग्रह गर्दै आएका छन् ।

कोशीटप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्र यादवले पनि जंगली जनावरको पीडा स्थानीयवासीका लागि 'पैतालाको खिल' सरह भएको भन्दै समयमै यसको समाधान खोज्न आग्रह गर्नुहुन्छ ।

आरक्षले दिने क्षतिपूर्ति पनि सन्तोषजनक छैन्, अध्यक्ष यादव भन्नुहुन्छ("जनता विस्थापित हुने अवस्थालाई रोक्न समयमै विकल्प खोज्नु राम्रो हुन्छ ।" यता कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशहा सुनसरीका वार्डेन श्यामकुमार साहले कञ्चनरुप नगरपालिका(५ स्थित पथरीदेखि बदगामासम्म घेराबेरा गर्न गत आर्थिक वर्षमा रु एक करोड ३० लाख विनियोजन गरिएको रकम फिर्ता गएको बताउनुहुन्छ ।

हामीले पटकपटक 'घेराबेरा गर्न बैठक गर्यौं तर स्थानीय केही व्यक्तिको विरोधका कारण घेराबेरा गर्ने काम नभएकोले पैसा फिर्ता गएको हो, वार्डेन साह भन्नुहुन्छ("उदयपुरको भागलपुरतर्फ समेत घेराबेरा भइसक्यो, सुनसरीमा पहिले भएको थियो तर सप्तरीका स्थानीयवासीले यसतर्फ ध्यान नदिँदा बढी क्षति व्यहोर्नु परेको छ ।"

आरक्ष तथा चुरे जंगलबाट निस्कने हात्ती, अर्ना, बँदेलगायतका वन्यजन्तुबाट जिल्लाको पूर्वी भेगस्थित भारदह, कञ्चनपुर, पोर्ताहा, बरमझिया, वैरवा, जोगिनिया, हनुमाननगर, फत्तेपुर, ओद्राहा, कमलपुर, धरमपुर, घोघनपुर, रुपनगर ठेलिया, जगतपुर, महुलीलगायत ठाउँका जनता पीडित हुँदै आएका छन् ।

सूचना

अनुशासन र नैतिकताविहीन व्यक्ति र समाज अन्ततोगत्वा पतन भएर जान्छन्, त्यसैले राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्नुपर्छ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

एम्बुलेन्स
सम्पर्कः ९८४२४०४८०४,

नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरू
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माबि अगाडी फोन नं.: ०३१-५५०१८७



प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन कंसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रणः लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय.....

मधेशको पर्यटन

८ वटा जिल्ला मिलेर बनेको प्रदेश २ पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तव्य स्थल मान्न सकिन्छ । प्रदेश २ सामाजिक विविधता र जनसंख्याको घनत्व अधिक रहे पनि मानव विकास सूचकांकको आधारमा अन्य प्रदेशभन्दा निकै पछाडि रहेको छ । यद्यपी यहाँको पयूटन प्रवद्धनले यस प्रदेशलाइ सम्वृद्ध बनाउन सकिन्छ ।

८,६६१ वर्ग किलोमिटरमा फैलिएको प्रदेश २ मा करिब ५४ लाख जनसंख्या रहेको छ । यस प्रदेशमा रहेका जनताको प्रतिव्यक्ति आम्दानी ८६७ डलर छ । यो अन्य प्रदेशको तुलनामा न्यून हो । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आम्दानी लगायतका क्षेत्रमा यो प्रदेश कमजोर छ ।

विभिन्न समस्याहरूको माझमा पनि प्रदेश २ मा मानवस्रोत, प्राकृतिक स्रोत, पर्यटकीय सम्भावना, कृषि, धार्मिक पर्यटनजस्ता सम्भावना उचित न्यवस्थापन गरि सम्वृद्ध प्रदेश बनाउनु पर्दछ ।

पर्साको वन्यजन्तु आरक्ष, बाराको गढीमाई मन्दिर, रतनपुर जंगल, रौतहटका शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर, सर्लाहीका सागरनाथ, बाबाधाम, हरिहर महादेव, महोत्तरीको जलेश्वरनाथ महादेव, बानेश्वरनाथ महादेव बाबा, पडौलको कारिक बाबा, कञ्चनवन, वकुण्ड, गिरिजास्थान, मालिवारा, माईस्थान, सिद्धिनाथ मन्दिर, सोनामाई स्थान, टुटेश्वरनाथ महादेव, रौजा मजार, मंगलनाथ महादेव, मटिहानी आदि पर्यटकीय तथा धार्मिक स्थललाई उचित संरक्षण गरिनु पर्दछ ।

यस्तै जनकपुरको रामजानकी मन्दिर, कुण्डै कुण्ड, धनुषसागर, गंगासागर, विहारकुण्ड, अग्निकुण्ड, ज्ञानकुप, अंगराज सरोवर, दशरथ सागर, गोरधोई, पापमोचन सर, छत्रधारिणी पोखरी, देवान पोखरी, डबरा पोखरी, पापमोचनीसर, पुण्यधन सर, वाल्मीकि सर, भुतही पोखरी, मुरलीसर, रामसागर, लक्ष्मणसर, सीताकुण्ड, सूर्यकुण्ड, विषहरा पोखरी, महाराज सागर, सिरहाको सलहेश फूलबारी, बालासुन्दरी भगवती, राजदेवी मन्दिर, सप्तरीका छिन्नमस्ता, सखडेश्वरी भगवती चर्चित धार्मिक गन्तब्य लाई अव प्रदेश सरकारले क्यासमा भजाउन सक्नु पर्दछ ।

ओझेलमा परेको झुटकीको चन्द्रदेवी पोखरी

❐ श्यामसुन्दर यादव

सप्तरी जिल्लाको झुटकी गाउँ विकास समितिको वडा नम्वर-४ मा अवस्थित छ चन्द्रादेवी पोखरी । करिव २२ विघा क्षेत्रफलमा फैलिएको यस ऐतिहासिक पोखरीलाई स्थानीयवासिन्दा चन्द्रादेवी, चन्द्रदेवी, झुटकी पोखरी आदीको नामले चिनिन्छ । सप्तरी सदरमुकाम राजविराज नगरपालिकादेखि करिब १५ किलोमीटर पश्चिम-दक्षिणमा यो पोखरी बस्तीभन्दा बाहिर अवस्थित छ ।

सम्भवत: देशमै सबभन्दा ठूलो यस पोखरीको आफ्नै विशेषता रहेको छ । यस स्थलमा सन्तानोत्पादन, भूतप्रेतबाट मुक्तिका साथै छाला तथा शरिरका रोगहरू निवारण हुने जनविश्वास रहेको छ। यस



पोखरीमा आई स्नान गरेर पोखरीको डिलमा रहेको माता चन्द्रादेवीको मन्दिरमा पूजाआजा गरेर भाकल गरेपछि सन्तान उत्पादनका साथै विभिन्न रोग निवारण हुने विश्वास गरिन्छ । यस स्थलमा नेपालको विभिन्न जिल्लाका साथै भारतबाट श्रद्धालुभक्तजनहरू बाह्रै महिना आउने गर्दछन्। जस्तोसुकै समस्या लिएर आउने भक्तजनहरूको सङ्कट चन्द्रदेवीले निवारण गर्ने गरेको स्थानीय वासिन्दाहरूको भनाई छ। भाकल पुरा भएपछि मन्दिरमा लड्डु, पान, सुपारी चढाउनुका साथै खसी-बोकाको बलीसमेत प्रदान गरिन्छ ।

जतिबेला खानेपानीका लागि इनार, ट्युवेलको उपलब्धता थिएन, त्यतिबेला यसक्षेत्रका वासिन्दाले चन्द्रादेवी पोखरीकै पानीले खाना पकाउन तथा पिउने समेत गर्दथे । बदलिँदो परिवेशमा यो आस्था अझै पनि कायमै रहेको छ। यस क्षेत्रका वस्तीहरूमा बाह्रै महिना कम से कम एकलोटा पानी हालेर खाना पकाउने गरिँदैआए पनि सिरुवा अर्थात जुडशीतल पर्वका दिन यसको अनिवार्यता रहेको माननीयज्यूलाई जानकारी गराउन चाहन्छौं। यदि यस्तो गरिएन भने अनिष्ट हुने जनविश्वास रहेको छ। यस अतिरिक्त भोजभत्तेर तथा विशेष अवसरहरूमा चन्द्रदेवी पोखरीको पानीको प्रयोगले शुभ तथा सफल हुने विश्वासकासाथ पोखरीको पानीको अनिवार्यता रहने गर्दछ । नयाँ वर्षको अवसरमा माता चन्द्रादेवीको प्राङ्गण ठुलो मेला लाग्ने गर्दछ ।

पोखरीमा सन्दुक (सामान राख्नका लागि प्रयोग हुने ठूलो बाकस) तथा राँगा निस्किने गरेको स्थानीय बुढापाकाहरूको कथन छ । उनीहरूका अनुसार विशाल पोखरीमा एक्लै प्रवेश गर्ने हिम्मत कसैले गदैन । परापूर्वकालदेखिको अति प्राचीन मानिएको यस पोखरीमा वि.सं. २०५० सालमा सप्तरीको जगमोहन गाउँबाट आएका धामी तनुकलाल चौधरीले देउता खेल्ने क्रममा पोखरीबाट एउटा पत्थर फेला पारेका थिए । उक्त पत्थरलाई पोखरीको डिलमा राखेर स्थानीयवासिन्दाहरूले चन्द्रादेवीको नामबाट पूजा-आजा गर्न थालेका छन्। मन्दिरमा दैनिक पूजा सम्पादनको जिम्मेवारी स्थानीय वयोवृद्ध बच्चालाल यादवले सम्हाल्दैआएका छन्।

तत्कालीन शिक्षामन्त्री एवम् सांसद रेणु यादवको संसदीय विकास कोषको रकमबाट पोखरीको पश्चिमतर्फको डिलमा वि.सं. २०६६ साल साउन ४ गते मन्दिर निर्माण गरियो। यद्यपि उक्त मन्दिरको निर्माणकार्य पर्याप्त छैन । यसैगरी पूर्वतर्फ पक्की देवघर निर्माण गरिएको छ । जहाँ प्रत्येक वर्ष सिरूवा अर्थात नयाँवर्षका अवसरमा मूर्ति बनाइन्छ । उक्त अवसरमा दुई दिनसम्म भव्य मेला लाग्ने गर्दछ ।

चन्द्रादेवी अहिले पनि पोखरीमै बस्ने गरेको जनविश्वास रहँदै आएको छ । पुरातत्व विभागबाट खटिएको टोलीले यो पोखरी एक हजार छ सय वर्ष पुरानो भएको भनी किटान गरेका छन् ।

जिल्लाको मात्र नभई सम्भवत: देशकै सबभन्दा विशाल मानिएको यो पोखरी विगतमा अति सुन्दर रहेपनि हाल पानीको अधिकांस भाग जलकुम्भीले ढाकिसकेको छ । जस्तोसुकै खडेरीमा पानी नसुक्ने यो पोखरीमा विभिन्न जातका चराहरू बस्ने गर्दछन्। आस्थाको केन्द्र मानिएको यो स्थल उपेक्षित रहँदैआएको छ । यस स्थलको जिर्णोद्धारसहित आवश्यक पुर्वाधारको आवश्यकता छ ।

१. पोखरी जिर्णोद्धार: कुल २२ विघा क्षेत्रफलमा रहेको यस ऐतिहासिक पोखरीको जलासय जलकुम्भीले ढाकेको छ। उचित संरक्षण हुन नसकेका कारण पोखरीको पानी समेत दुषित हुँदैगएको छ। पोखरीका डिलहरु समेत टुटफुटको अवस्थामा रहेको छ। बस्ती भन्दा वाहिर रहेको यस पवित्र विशाल जलासयको सरसफाईका साथै मर्मत सम्भार अति आवश्यक छ । बाह्रै महिना श्रद्धालुभक्तजनको आवत-जावत भईरहने यस पोखरीमा नुहाउन तथा पानी लिन समस्या भईरहेकोले सहजताकालागि पक्की घाट निर्माण अति आवश्यक छ।

२. मन्दिर निर्माण एवम् पुननिर्माण: यस स्थलमा हाल निर्मित मन्दिर सानो आकारको रहेकोले चौतर्फी बरण्डासहितको मन्दिर निर्माण अति आवश्यक छ। यसका साथै छेउछाउमा अन्य देवीदेवताका मन्दिर तथा पूजारी बस्नकालागि आवश्यक सुविधासहितको पक्की घर निर्माण हुनु जरुरी छ।

३. धर्मशाला निर्माण: नेपाल तथा भारतका विभिन्न जिल्लाहरुबाट श्रद्धालुभक्तजन आवत-जावत भईरहने यस स्थलमा बास बस्ने सुविधा नरहेकोले यात्रुहरुले सास्ती भोग्नुपर्ने अवस्था विद्यमान छ । यस क्षेत्रको आसपासमा सुविधासम्पन्न बजार समेत नरहेकोले यात्रुहरुले वर्षौंदेखि भोग्दैआएको समस्या समाधानकालागि सुविधासम्पन्न पक्की धर्मशाला निर्माण हुनु अति आवश्यक छ ।

४. यातायात: यस माता चन्द्रादेवी स्थलसम्म आवतजावत गर्न हाल कच्ची तथा डगरको बाटो एक मात्र विकल्प रहेको छ । चार पांग्रे यातायातका साधनबाट सहज रुपमा यस स्थलसम्म आउनसक्ने अवस्था नरहेको माननीय उप-प्रधान तथा गृहमन्त्रीज्यूलाई अवगत गराउन चाहन्छौं । खासगरी असारदेखि कार्तिक महिनासम्म बाटो हिलाम्मय तथा खाल्टाखुल्टी हुनुका साथै पानी जम्ने गरेकोले यात्रा अति पीडादायी हुने गर्दछ । त्यसर्थ भारतीय श्रद्धालुभक्तजनलाई यस स्थलमा थप आकर्षित गर्नकालागि भारतसँग जोड्ने सडक तथा सहज आवागमनकालागि मुख्य सडकसम्म जोड्ने पक्की सडक हुनु जरुरी छ ।

सदरमुकामको पहुँचभन्दा बाहिर रहेको यस ग्रामिण भेगका जनताको आस्था स्थलको रुपमा रहेको चन्द्रादेवी स्थलको विकास भए यसक्षेत्रका वासिन्दाकालागि जीवनस्तर उकास्नमा मद्दत मिल्नेमा आशावादी छ । ग्रामिण पर्यटनको प्रबल सम्भावना रहेकोले यस स्थलमा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग हुने निश्चित छ ।

आठ महिना वितिसक्दा पनि वाढी पीडितले पाएनन् राहत

राजविराज / बाढीले क्षति गरेको आठ महिना वित्न लाग्दा पनि सप्तरीका बाढिपिडितले अझै राहत पाउन सकेका छैन।

बाढीले विस्थापित भएका कतिपय पिडितहरु अहिले पनि पुनर्बासका लागि राहत कुरेर जीवन विताउँदै आएका छन्। गत साउनको अन्तिम साता परेको अविरल बर्षाका कारण सप्तरीमा ३१ हजार १७० घरपरिवारको जनजीवन तहसनहस बनाएपछि उनीहरु यो बर्षको कठ्यांग्रीदो जाडो पनि राहत कुरेरै दिन बिताएका छन्।

सरकारले दिने भनेको राहत त रेडियो तथा टिभीमा बज्ने र पत्रपत्रिकामा छापिने समाचार मात्र हुने गरेको उनीहरुको गुनासो छ। राहत कुरेर बसेका पिडितहरुलाई पुनर्बासका लागि व्यवस्था मिलाई दिनु हुन् स्थानिय राजनितिकर्मी सकुनी देवीले आग्रह गरेकी छिन्।

जिल्ला प्रशासन कार्यालयका अनुसार सरकारले बाढिपिडितका लागि उपलब्ध गराएको १२ करोड ८६ लाख २५ हजार रुपियाँ राहत रकम जिल्लाको वेल्ही चपेना गाउँपालिका बाहेक सबै स्थानिय तहले बुझिसकेको छ। यद्यपी स्थानिय तहहरुले भने अहिलेसम्म पिडितहरुलाई राहत रकम उपलब्ध नगराउदाँ कतिपय पीडितहरु त्रिपालभित्र जीवन विताउन बाध्य छन्।

जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे
नयाँ पत्रिका
नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।
अन्नपूर्ण
क्रान्तिपुर
nagariknews
राजधानी
RAJDHANI NATIONAL DAILY
जनता टाइम्स्
एक्शन
ब्लेकफुट
अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा
अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा
सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२११९१

बेलका नगरपालिकाको अनुरोध
– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विकी वितरण समेत नगरौं।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं।
– सभ्य नागरिक वनौं, वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।
बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

खुशीको खवर ! खुशीको खवर !!
अनुकुल पोलिक्लिनिक
तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।
हाम्रो सेवाहरु
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ।
सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६१, ९७४३०२५७१२, ९८०७७५५४५३
नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना विरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै
अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा
प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका १फत्तेपुर हटिया छिर्ने बाटो



तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लि,ले,लो,अ): समय सामान्य खालको छ। रचनात्मक कामप्रति खासै मन जाने देखिन्न। अरुले गरेका काममा सहभागी हुनु पर्नेछ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): शारीरिक स्फूर्ति आउने छ। आर्थिक कारोवारको लागि राम्रो समय आएको छ। अन्न बस्त्र आदि उपहार प्राप्त होला।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): पढाइ लेखाइको लागि उपयुक्त समय मान्न सकिन्छ। यतिबेला शैक्षिक यात्रा तथा व्यापार व्यवसाय दुवै लाभदायक छ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): शरिर केहि आलश्य होला। नयाँ योजनाको कार्य गर्नेतिर मन जाने देखिन्न। विचार पुऱ्याएर आफ्नो कार्य अगाडी बढाउनु होला।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): पढाइ लेखाइतिर भन्दा भ्रमणतिर मन जानेछ। व्यापार व्यवसायबाट भने नोक्सान हुने देखिन्न। शरिर केहि आलश्य होला।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): अनावश्यक कामको विवादमा परिएला। बोल्दा बडो सजगता अपनाउनु होला। शत्रुदेखि हरबखत सजग रहनु होला।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): देवालय मठमन्दिर आदिको दर्शन भ्रमणको समय छ। समय अनुसार आफूलाई पनि ढाल्न सक्नु पर्ने बेला आएको छ। विचार गर्नु।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): यो हप्ता खासै भरपर्दो समय छैन। सामान्य कुरामा पनि विवादमा परिएला, बोल्दा बडो विचार पुऱ्याएर मात्रै बोल्नु भए वेश होला।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): खानपिनका परिकार प्राप्त होलान्। मिष्ठान्न बस्त्र आदि उपहार प्राप्त हुने सम्भावना छ, मन प्रसन्न रहला।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): गरेका कार्यमा सफलता मिल्नेछ। विभिन्न घरायसि सामान किनमेलमा समय बित्नेछ, भ्रमणको लागि उपयुक्त समय मान्न सकिन्छ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): समय सामान्य खालको छ। मन खिन्न होला। शरिर केहि आलश्य होला, आर्थिक पक्ष भने सुदृढ रहला।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): खानपिन परिकार प्राप्त होलान्। सामाजिक सभा समारोहमा उपस्थित हुनुपर्ला। निर्माणजन्य व्यवसायबाट लाभ लिन सकिन्छ।